**मिति २०८३ साल वैशाख २३ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ४७ औ वैठकका निर्णयहरु।**

प्रस्तावहरुः

१. अधिल्लो कार्यापलिका वैठकको समिक्षा गर्ने सम्वन्धमा।

२. सम्मानित उच्च अदालत तुलसीपुर दाङको फैसला कार्यान्वयन सम्वन्धमा।

३. विविध।

निर्णयहरुः

निर्णय नं.१

प्रस्ताव नं १ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ४६ औ कार्यपालिका वैठकका निर्णयहरु कार्यान्वयनको अवस्था र प्रगति समिक्षा गरियो।

निर्णय नं.२

प्रस्ताव नं २ माथि छलफल गर्दा धर्मजित पुनको नाती चन्द्रे पुनको छोरा जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका ५ प्रगतिशिल टोल बस्ने वर्ष ३९ को मञ्जित पुन निवेदक तथा जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ स्थित तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिका १. ऐ.ऐ. कार्यालयका प्रमुख प्रशासकीय अधिकृत २. ऐ.ऐ. कार्यालयको भमि व्यवस्थापन शाखा ३. तथा ऐ.ऐ. कार्यालयको कानून शाखा ४. प्रत्यर्थी विपक्षी भएको मुद्धाः परमादेश (मुद्धा नं. ०८२-WO-००१०) को मुद्धामा मिति २०८२।११।१३ गतेका दिन सम्मानित श्री उच्च अदालत तुलसीपुर दाङले रिट जारी हुने फैसला गरेको र उक्त फैसलाको पूर्ण पाठसहित मिति २०८३।०१।१५ गते थाहा जानकारी भएको हुँदा उक्त फैसलामा चित्त नबुझेको हुँदा श्री उच्च अदालत तुलसीपुर दाङ समेतका विरुद्ध श्री सर्वोच्च अदालत काठमाडौंमा मुद्धा दायर गर्ने निर्णय गरियो ।

निर्णय नं.३

क) रासि ववई क्याम्पसको "उच्च शिक्षा र सिकाई परिणाम वृद्धि गर्न अनुसन्धान र नविन रणनिति" कार्यक्रमको लागत खर्च मध्ये लागत सहभागितामा रु ५ लाख वरावरको खर्च रासि ववई क्याम्पसलाई उपलव्ध गराउने निर्णय गरियो।

ख) २०८२ भाद्र २३ गते भएको आन्दोलनको क्रममा आगजनी तथा लुटपाट भई नष्ट भएका तुलसीपुर उपमहानगरपालिकाको कार्यालय तथा विभिन्न वडा कार्यालयहरुमा रहेका जिन्सी मालसामान तथा सम्पत्तिहरु मिनाहाका लागि जिल्ला स्तरीय मिनाहा सिफारिस समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो।

केशवराज पाध
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति २०८३ साल वैशाख २३ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ४७ औ वैठकका निर्णयहरु।

ग) यस तुलसीपुर उपमहानगरपालिका वडा नं १५ मा कार्यरत रही मिति २०८२।११।०९ देखि लागु हुने गरी अनिवार्य अवकाश हुनु भएकामा माली पदमा कार्यरत श्री कुन्तीदेवी खड्काको अवकाश पश्चात नियमानुसार पाउने सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो।

घ) तुलसीपुर उपमहानगरपालिकाको मौजुदा सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धि कार्यविधि खारेज गरी फोहोरमैलालाई व्यवस्थित गर्न सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण गर्ने निर्णय गरियो।

ङ) तुलसिपुर उपमहानगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा गरिएको तरकारी वालीमा मिति २०८३/०१/१७ गतेको असिना पानीले पुऱ्याएको क्षति मूल्याङ्कन गराई राहत उपलव्ध गराउने निर्णय गरीयो।

च) आ.व. २०८२/ ०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सफ्टवेयरमा प्रविष्ट गर्ने कार्य सम्पन्न नभई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS मा बजेट प्रविष्ट नभएसम्म खरिद आदेश गर्न नमिल्ने भएकोले खरिद आदेश नवनेको र मालसमानहरु प्राप्त भएपछी भूक्तानीको लागि आवश्यक प्रकृया अगाडी बढिरहेका जिन्सी सामानहरु मिति २०८२/०५/२४ गते जेन्जी आन्दोलनको क्रममा कार्यालयमा भएको आगजनीवाट प्राप्त भएका सम्पत्ति तथा कागजात समेत जलेर नष्ट भएको र मुचुल्कामा समेत उल्लेख भएका तपसिल वमोजिमका सामानहरुको रकम भुक्तानी गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| सि. नं. | मालसमानको नाम | एकाइ | परिमाण | दर | रकम | कैफियत | |
|---|---|---|---|---|---|---|---|
| १ | Canon 6030 Printer | थान | १ | १७००० | १७००० | प्रशासन | डिजिटल कम्प्युटर तुलसीपुर दाङ |
| २ | Dell Desktop | थान | २ | ७९३८० | १५८७६० | राजश्व १ प्रशासन १ | |
| ३ | laptop | थान | ३ | ८७५२२ | २६२५६६ | मीना योगी, कुन्ता भण्डारी र जिन्सी | |
| ४ | फाईल न्याक | स्क्वायर फुट | ३० | १८०० | ५४००० | प्रशासन शाखा | लक्ष्मी होम डेकोर तुलसीपुर दाङ |
| ५ | मोडुलर न्याक | स्क्वायर फुट | ८० | २००० | १६०००० | नगर प्रमुखको कार्यकक्ष | |

कर्णवराज पाध्ये
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

## मिति २०८३ साल वैशाख २३ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ४७ औ बैठकका निर्णयहरु।

छ) मिति २०८३ वैशाख २५ देखि २७ गते सम्म भृकुटीमण्डप वगैचामा आयोजना हुने कार्यक्रम "नेपाल ह्याण्डीक्रायाफ्ट एण्ड कल्चरल शो-२०२६" मा तुलसीपुर उपमहानगरपालिका २ का नरेन्द्र चौधरी र सुनिता चौधरीको सहभागीताका लागि लाग्ने स्टल खर्च, यातायत, दैनिक खाना, खाजा र आवास वापतको प्रस्तवित खर्च रकम रु ३९,००० (अक्षरेपी उनान्चालिस हजार रुपैया मात्र) दाङ हस्तकला संघलाई आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

ज) राष्ट्रिय साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल र तुलसीपुर उपमहानगरपालिका विच भएको सम्झौता वमोजिम आयोजित २ दिने लुम्विनी प्रदेश स्तरिय खानेपानी उपभोक्ता संस्था/समितिहरुको क्षमता वृद्धि तालिम र भेलामा सहभागीहरुको खाना र खाजा खर्च वापतको पेश भए वमोजिम विलको रकम रु १,५०,७०४.९९ (अक्षरुपी एक लाख पचास हाजर सात सय चार रुपैया ९९ पैसा) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

झ) तुलसीपुर उपमहानगरपालिका वडा नं ३ ब्राहखाली शिव मन्दिर निर्माण वापत मन्दिर व्यवस्थापन समितिलाई रु १,२५,००० (अक्षरेपी एक लाख पच्चिस हजार ) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

ञ) आ.व २०८२/०८३ मा जदौ फिल्म निर्माणमा तुलसीपुर उपमहानगरपालिका अन्तर्गतका भूगोलमा छायाङ्कन गर्दा कालाकारहरुको आवास, खाना र नास्ता खर्च वापत रु २,५०,००० (अक्षरुपी दुई लाख पचास हजार रुपैया) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

ट) अरनिको मैदानमा सञ्चालीत महायज्ञको व्यवस्थापनका लागि उक्त महायज्ञ व्यवस्थापन समितिलाई रु १,३०,००० (अक्षरुपी एक लाख तिस हजार रुपैया) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

ठ) तुलसीपुर उपमहानगरपालिका वडा नं १५ दक्षिण कुरहरीयामा थारु मातृ भाषामा विद्यालय सञ्चालनका लागि थारु मातृभाषिक आधारभूत विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने गरी सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

केशवराज पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

Scanned with CamScanner